गण्डकी प्रदेश सरकार
कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय
कृषि विकास निर्देशनालय
# व्यावसायिक कीट विकास केन्द्र
बन्दिपुर, तनहुँ

☎ ०६५-५२०१०४
९८५६०-६३१०४
९८५६०-६३१०५

प.सं. ०७९/८०
च.नं.

## मौरी श्रोतकेन्द्र स्थापनाका लागि प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/०६)

व्यावसायीक कीट विकास केन्द्र, बन्दिपुर, तनहुँको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रममा रहेको तपसिलको कार्यक्रम सञ्चालन गर्न योग्यता पुगेका गण्डकी प्रदेश भित्रका ईच्छुक कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म तथा कम्पनीहरुले सूचना प्रकाशित भएको मितिले **१५** दिन भित्र देहायका कागजात संलग्न गरी यस केन्द्रमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। कार्यक्रम सम्बन्धी थप जानकारीको लागि यस केन्द्रको वेबसाइट http://cie.gandaki.gov.np बाट "प्रदेश तथा स्थानीय तहमा सशर्त हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" डाउनलोड गरी हेर्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम रु (लाखमा) | सञ्चालक संस्थाले व्यहोर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १ | निजी स्तरमा मौरी श्रोतकेन्द्र स्थापना | ४५ | कुल लागतको ५०% | • उन्नत मौरी घार श्रोतकेन्द्र वा मौरी गोला श्रोतकेन्द्र मध्ये कुनै एक वा दुवै किसिमको श्रोतकेन्द्र स्थापना गर्न सकिनेछ।<br>• यस कार्यक्रम "प्रदेश तथा स्थानीय तहमा सशर्त हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" बमोजिम सञ्चालन हुनेछ। |

**आवश्यक कागजातहरुः**

१. कार्यविधिको अनुसूची -२ बमोजिमको निवेदन,
२. संक्षिप्त कार्ययोजना,
३. संस्थाको दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि, नवीकरण गर्नुपर्ने भएमा नवीकरण प्रमाणपत्रको प्रतिलिपि , करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,
४. कृषक समूह/सहकारी संस्था/ संयुक्त फर्म/कम्पनीको हकमा सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि,
५. कार्यक्रम सञ्चालनको लागि उपयुक्त हुने व्यहोरा खुल्ने गरी सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र र स्थानिय तहले प्रदान गरेको सिफारिस पत्र,
६. कार्यक्रम सञ्चालन हुने स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा प्रचलित कानून बमोजिम भएको कम्तीमा १० बर्षको करार सम्झौताको प्रतिलिपि,
७. कार्यक्रमसँग सम्बन्धित शैक्षिक योग्यता/तालिम/अनुभव भएमा सो सम्बन्धी कागजातको प्रतिलिपि।

**थप जानकारीको लागि सम्पर्कः**

व्यावसायिक कीट विकास केन्द्र, बन्दिपुर, तनहुँ
☎ ९८५६०६३१०४, ९८५६०६३१०५
इमेल : cie.gandaki77@gmail.com, वेबसाइट : http://cie.gandaki.gov.np